जेफर्सन काउन्टी पब्लिक स्कुल  (JCPS) संकल्प घोषणा
सुरक्षित स्कुल गृह

जहां, अमेरिकाको सर्वोच्च अदालतले आप्रवासनको अवस्थाको कारण कुनै पनि सार्वजनिक विद्यालयले वालवालिकको निशुल्क शिक्षा प्रवेशमा अस्वीकार गर्न सक्ने छैनन भनेर घोषणा गरेको छ,

जहां, जेफर्सन काउन्टी पब्लिक स्कुल (जेसीपीएस) मा विद्यार्थीहरुले १३६ वटा भाषा वोल्छन र १ लाख १ हजार विद्यार्थीमध्ये ७ प्रतिशतको सिमित अंग्रेजी दक्षता भएको पहिचान भएको छ र ६ प्रतिशतले अंग्रेजी भाषालाई इंगलिस यस अ सेकेन्ड ल्याङवेज ( इएसएल) सेवा लिइरहेकाछन्,

जहां, इएसल सर्भिस लिने विद्यार्थीहरुको संख्या तीव्र रुपमा वढेर गइरहेको छ,

जहां, ५५ प्रतिशत विद्यार्थीहरु रंगको कारण चिनिन्छन् जसमा ३७ प्रतिशत अफ्रिकन अमेरिकन, १० प्रतिशत हिस्पानिक, ४ प्रतिशत एशियन, र ४ प्रतिशत दुइ वा सो भन्दा वढी जातिका छन्,

जहां, जेसीपीएसले विद्यार्थीहरुको आप्रवासनको अवस्थाको परवाह नगरी सवैलाई स्वागत गर्ने र शिक्षित वनाउने उत्तरदायित्व वोकेको छ र हाम्रो विविधतापूर्ण सिकाइ समुदायमा उनीहरुको योगदानलाई मनाउने गर्छौ र यो जिम्मेवारीको अभ्यासमा वाधा पुग्न दिने छैनौ,

जहां, जेसीपीएस आप्mना स्कुलहरुलाई सुरक्षित र विद्यार्थी तथा अभिभावकहरुको लागि स्वागत गृहको रुपमा कायम राख्न प्रतिवद्ध छ,
जहां, आप्रवासनको अवस्थाको कारण जेसीपीएसमा भर्ना भएका धैरै विद्यार्थीहरुको शिक्षा, सुरक्षा, भावनात्मक सुन्दरता, र पारिवारिक सम्वन्ध खतरामा रहेको छ र भविश्यमा पनि रहनेछ,

जहां, संघीय आप्रवासन कानुन कार्यान्वयन गतिविधिले सकारात्मक सिकाइ वातावरणमा आप्रवासन अवस्था वाहेकका पनि सवै विद्यार्थीलाई असर गर्न सक्ने अवस्था छ,

जहां, कुनै संघीय वा स्टेट कानुनले कुनै पनि सार्वजनिक विद्यालयलाई संघीय आप्रवासन सम्वन्धी कानुन कार्यान्वयनका लागि कुनै आर्थिक वा अन्य साधन समर्पित गर्नुपर्ने वाध्य गरेको छैन,

जहां, शैक्षिककर्मीहरु उनीहरुका विद्यार्थीहरुलाई सिकाइमा सहयोग गर्न सहयोग, साधन र जानकारीहरुका प्राथमिक स्रोत हुन्, जुनसंग उनीहरुको भावनात्मक स्वास्थ जोडिएको छ ।

जहां, हामी विश्वास गर्छौ कि विद्यार्थी, कर्मचारी, परिवार र समुदायको सर्वोकृष्ट स्वार्थ भनेको शैक्षिक व्यवधानका रुपमा आउन लागेको इमिग्रेसन एण्ड कष्टम इन्फोर्समेन्ट एक्सनलाई जेसीपीएस डिष्ट्रिक्टले उपलव्ध कानुनी माध्यमवाटै प्रतिरोध गर्नेछ ।

अव, तसर्थ, यो संकल्प गरिन्छ।
१. द जेफर्सन काउन्टी वोर्ड अफ एजुकेशन घोषणा गर्दछ कि कानुनले दिएको वृहत परिधिभित्र रहेर प्रत्येक जेसीपीएस स्कुल आप्रवासन कार्यान्वयन वा विभेदद्वारा त्रसित वनाइएका विद्यार्थी र उनीहरुका

अभिभावकहरुका लागि सुरक्षित गृह हुनेछ।

२. वैध अदालतको आदेश नहुंदासम्म जेसीपीएस स्कुलका कर्मचारी, सम्पर्क व्यक्ति, स्वयम्सेवी र प्रतिनिधिहरुले अमेरिकामा कानुनी रुपमा वस्न पाउने कागजात नभएका वा त्यस्ता कागजात वनाउन असफल भएका व्यक्तिहरुको पहिचान गर्न सघाउने उदेश्यका लागि स्कुलसंग भएको विवरण प्रयोग गर्ने छैनन ।

३. जेसीपीएस स्कुलका कर्मचारी, सम्पर्क व्यक्ति, स्वयम्सेवक वा प्रतिनिधिहरुलाई विद्यार्थी, आमावावु वा अभिभावकहरुको आप्रवासी अवस्थाको वारेमा सोधपुछ गर्नवाट वञ्चित गरिएको छ।

४. जेसीपीएस स्कुलका कर्मचारी, सम्पर्क व्यक्ति, स्वयम्सेवक वा प्रतिनिधिहरुले विद्यार्थी, आमावावु वा अभिभावकहरुको आप्रवास सम्वन्धी कागजात वनाउने विषयमा सोधपुछ गर्न वञ्चित गरिएको छ ।

५. वैध अदालतको आदेशवाट वाध्य नपारिंदासम्म वा अभिभावकहरुको मञ्जुरीपत्र प्राप्त नहुंदासम्म जेसीपीएस स्कुलका कर्मचारी, सम्पर्क व्यक्ति, स्वयम्सेवक वा प्रतिनिधिहरुले आप्रवासन वा भन्सार कार्यन्वयन अधिकारी वा अन्य व्यक्ति वा सत्तालाई विद्यार्थी र अभिभावकको आप्रवासन सम्वन्धी कुनै सुचना उपलव्ध गराउने छैनन ।

६. वैध अदालतको आदेशवाट वाध्य नपारिंदासम्म वा अभिभावकहरुको मञ्जुरीपत्र प्राप्त नहुंदासम्म जेसीपीएस स्कुलका कर्मचारी, सम्पर्क व्यक्ति, स्वयम्सेवक वा प्रतिनिधिहरुले आप्रवासन वा भन्सार कार्यन्वयन अधिकारी वा अन्य व्यक्ति वा सत्तालाई जेसीपीएस स्कुलका विद्यार्थीहरुको जानकारी उपलव्ध गराउने छैनन जसलाई अमेरिकाको फ्यामिली एजुकेशनल राइट एन्ड प्राइभेसी एक्ट (एफइआरपीए) ले संरक्षित गरेको छ ।

७. आप्रवासन तथा भन्सार कार्यान्वयन अधिकृतहरुलाई आप्रवासन सम्वन्धी कानुन कार्यान्वयन गर्नका लागि जेसीपीएस स्कुलमा अथवा यसका स्रोतहरुमा तवसम्म प्रवेश दिइने छैन जवसम्म —

क. प्रवेशको उदेश्यको वारेमा सुपरिटेण्डेन्टलाई जानकारी गराइएको हुंदैन वा सुपरिटेण्डलाई पर्याप्त जानकारी दिएर विद्यार्थी र कर्मचारीहरुको भावनात्मक वा भौतिक सुरक्षा प्रदान गर्ने वातावरण वनाइएको हुंदैन ,

ख. सुपरिटेण्डेन्टलाई प्रवेशका लागि अनुरोध गर्ने अधिकारीहरुको परिचयपत्र, प्रवेशको उदेश्य र प्रवेशका लागि कानुनी आदेश उपलव्ध गराएको हुंदैन,

ग. सुपरिटेण्डेन्टले डिष्ट्रिक लिगल काउन्सिलसंग परामर्श गरेर प्रवेशका लागि अनुमति दिने निर्धारण गरेको हुंदैन,

८. जेसीपीएसले अति गोपनीय रुपमा आप्रवासन अवस्थाको कारण अव आफु र आफ्नो परिवारलाई के हुन्छ भनेर डर मानिरहेका सहित सवै विद्यार्थीहरुलाई परामर्श दिने कार्यलाई जारी राख्नेछ जसमा आप्रवासन कानुन अन्तर्गत उनीहरुका अधिकार र दायित्व के हुन्छन् भन्ने सही जानकारी हुनेछन् ।

९. आप्रवासन अवस्थाको आधारमा जेसीपीएसका कुनै पनि विद्यार्थीलाई कुनै सेवा, शिक्षा वा छात्रवृत्तिमा समान पहुंचवाट रोकिने छैन ।

१०. जेसीपीएसले यो संकल्प घोषणा सवै विद्यार्थी, अभिभावक, कर्मचारी, सम्पर्क व्यक्ति, स्वयम्सेवी र प्रतिनिधिहरुलाई जेसीपीएसले विभिन्न भाषामा अनुवाद समेत गराएर सञ्चारको प्रभावकारी माध्यमवाट वितरण गर्नुपर्नेछ ।

११. जेसीपीएसले मौजुदा नीति तथा प्रक्रियाहरुको पुनरावलोकन गर्नेछ र यो संकल्प घोषणा कार्यान्वयनका लागि आवश्यक संशोधन समेत गर्नेछ । साक्षीको रोहवरमा, हामीले यो निर्धारण ग रेर फेव्रुअरी ७, २०१७ का दिन वोर्ड अफ एजुकेशन अफ जेफर्सन काउन्टी, केन्टकीको मोहर लगाएका छौ । यो संकल्प पारित भएपछि कार्यान्वयन हुनेछ ।

म, ..........................................................., वोर्ड सहायक सचिव यो प्रमाणित गर्दछु कि माथि उल्लेखित कुराहरु संकल्प प्रस्तावको सही प्रतिलिपी हो जसलाई कोरम पुगेर वसेको जेफर्सन काउन्टी वोर्ड अफ एजुकेशनले फेव्रुअरी ७ मा मतदानद्वारा पारित गरेको थियो ।

| | |
|---|---|
| ............................ | ............................ |
| क्रिश व्राडी | डाना एम. हार्गेन्स एड.डी. |
| अध्यक्ष | सुपरिटेण्डेन्ट |